नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

## (निजामती)

पत्रसंख्या: २०८२/८३

च.नं.: ४४२

मिति:- २०८२/१२/११

**विषय : एकिकृत ई-पेन्सन सेवा सम्वन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(आन्तरिक व्यवस्थापन महाशाखा )
सिंहदरवार काठमाण्डौ

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना ( निजामती) बाट प्रवाह हुने महत्वपूर्ण सेवा मध्ये निवृत्तभरण, उपदान र यससँग सम्बन्धित अन्य सेवाहरुलाइ समेटेर तयार गरिएको **"एकिकृत ई-पेन्सन सेवा"** कार्यान्वयनमा ल्याइसकिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । एकिकृत ई-पेन्सन सेवाबाट निवृत्त कर्मचारीहरुको सेवामा सरल र सहज पहुँच स्थापित हुनुको अतिरिक्त केन्द्रमा नै धाउनुपर्ने वाध्यताको अन्त्य भइ सेवा प्राप्तिको लागत र हैरानी समेत कम हुने भएकोले कार्यान्वयनको शूरुवात देखिनै उत्साहजनक सहभागीता र सकारात्मक पृष्ठपोषण प्राप्त भइरहेकाछन ।

एकिकृत ई- पेन्सन सेवाको प्रभावकारी कार्यान्वयनमा समन्वय, सहजिकरण तथा आवश्यक सूचना प्रवाह गरी सरोकारवालाहरुको सेवामा सतप्रतिशत पहुँच अभिवृद्धि हुने वातावरण निर्माणमा महत्वपूर्ण सहयोग उपलव्ध गराइदिनुहुन तहाँ मन्त्रालय मार्फत सवै मन्त्रालय तथा निकायहरुमा आवश्यक पत्राचार गरिदिने व्यवस्थाका लागि अनुरोध छ ।

**एकिकृत ई - पेन्सन सेवामा समावेश हुने सेवा**

- निवृत्तिभरण वा उपदान अधिकारपत्र ।
- संचित घर तथा विरामी विदा वापतको सुविधा निर्धारण पत्र ।
- औषधिउपचार सुविधा निर्धारण पत्र ।
- सोझै पेन्सन वैंक खाता खोलिने सुविधा । ( निवृत्तिभरण व्यवस्थापन कार्यालयको समन्वयमा)

**एकिकृत ई- पेन्सन सेवा प्रवाहको सहजकर्ता निकाय**

- कोष तथा लेखानियन्त्रक कार्यालय (सम्वन्धित जिल्लाका सेवाग्राही सवैका लागि )
- कर्मचारी निवृत्त भएको कार्यालय ( कार्यालय प्रमूखको अनुरोधमा one time access उपलव्ध हुने )

**सेवामा थप परिष्करण कार्य योजना**

- कर्मचारी स्वयमको स्मार्ट मोवाइलबाट सेवा पाउन सकिने सुविधा ( प्रविधि सुधारको कार्य भैरहेको )

निवृत्त कर्मचारीको **निवृत्त डिजिटल परिचयपत्र** र **निवृत्तभरण अधिकारपत्र**को प्रति **नागरिक एप**मा देख्न र सुरक्षित गर्न सकिने सुविधा ।( प्रविधि सुधारको कार्य भैरहेको )

(श्रवण कुमार पोखरेल)
महा- निर्देशक